# सुखद वैवाहिक जीवन

[ नेपाली - Nepali - نيبالي ]


लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी



2015 - 1436

IslamHouse.com

# الحياة الزوجية السعيدة

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९७२७६४९२३८
९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

Email- atiqkhannp1982@yahoo.com

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैंयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैंयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुऱ्याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा वैवाहिक जीवन कसरी व्यतीत गर्नुपर्छ यसबारेमा संक्षेपमा वर्णन गरिएको छ । साथै यो प्रष्ट गर्ने प्रयास गरिएको छ कि वैवाहिक जीवन सुखद कसरी हुन्सक्छ, किनकि लोग्ने स्वास्नीमा झगडा र केही विगार उत्पन्न हुनु घर घरको कथा हो । यसैकारण मैले यस विषयमा लेख्ने प्रयास गरेको छु यस विश्वासको साथ कि कदाचित कसैलाई यस लेखद्वारा लाभ पुगोस् र मेरो लेखाईको उद्देश्य पूर्ण भइहालोस् ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

अल्लाहले यो मनमोहक संसारलाई उत्पन्न गरे पश्चात यसमा बसोबास गर्नुको लागि विभिन्न प्रकारका सृष्टिहरूलाई उत्पन्न गर्‍यो र त्यसै सृष्टि मध्ये हामी मानवजाति पनि हौं ।

मानवजातिको संरचना र अविष्कार अल्लाहले मात्र एउटा पुरुष हजरत आदम अलैहिस्सलाम र उहाँकी स्वास्नी हजरत हौवाबाट गर्‍यो । अल्लाहले हजरत आदमलाई आफ्नो हातले पृथ्वीको एक मुठ्की माटोबाट बनायो । अनि त्यसमा आत्मा हाल्यो तत्पश्चात त्यसै आदमको शरीरबाट उहाँकी स्वास्नी हजरत हौवाको सृष्टि गर्‍यो अनि यिनै दुवैबाट पूर्ण संसारमा फैलिएका मानवलाई उत्पन्न गर्‍यो । यसर्थ हामी समस्त मानवजाति एउटै पुरुष र महिलाका सन्तान हौं जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱتَّقُواْ رَبَّكُمُ ٱلَّذِى خَلَقَكُم مِّن نَّفْسٍ وَٰحِدَةٍ وَخَلَقَ
مِنْهَا زَوْجَهَا وَبَثَّ مِنْهُمَا رِجَالًا كَثِيرًا وَنِسَآءً ۚ وَٱتَّقُواْ ٱللَّهَ ٱلَّذِى

تَسَآءَلُونَ بِهِۦ وَٱلۡأَرۡحَامَۚ إِنَّ ٱللَّهَ كَانَ عَلَيۡكُمۡ رَقِيبٗا ١ ﴾ النساء: ١

अर्थ : हे मानिसहरू ! आफ्नो पालनकर्तासित डर, जसले तिमीहरूलाई एकै प्राणीबाट सृष्टि गऱ्यो र त्यसैबाट त्यसको जोई बनायो, तत्पश्चात ती दुबैबाट धेरै नर र नारीहरू फैलाइहाल्यो । उस अल्लाहसँग डर जसको नामबाट तिमी एकअर्कासंग माग्दछौ । र नाताको सम्बन्ध विच्छेदबाट टाढा रह । कुनै सन्देह छैन कि संरक्षक अल्लाह देखिराखेको छ । ( सूरतुन्निसा १ )

अल्लाहले यस मानवजातिको वंशलाई प्रलयसम्म प्रगतिशील राख्नुको निमित्त विवाहको रिश्ता र बंधनलाई उत्पात गऱ्यो, जसलेगर्दा यो सृष्टि प्रलयसम्म निरंतरताले प्रगतिशील रहोस् । पुरुष र महिलाको समागमको फलस्वरूप शिशुको उत्पात हुन्छ, र अल्लाह जसलाई चाहन्छ पुत्र र जसलाई चाहन्छ पुत्री प्रदान गर्छ, र जसलाई चाहन्छ पुत्र पुत्री दुवै प्रदान गर्छ र जसलाई चाहन्छ नि:सन्तान र बाँझो बनाइदिन्छ । जस्तोकि अल्लाहको भनाई छ :

﴿ لِّلَّهِ مُلْكُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ ۚ يَخْلُقُ مَا يَشَآءُ ۚ يَهَبُ
لِمَن يَشَآءُ إِنَٰثًا وَيَهَبُ لِمَن يَشَآءُ ٱلذُّكُورَ ﴿٤٩﴾ أَوْ
يُزَوِّجُهُمْ ذُكْرَانًا وَإِنَٰثًا ۖ وَيَجْعَلُ مَن يَشَآءُ عَقِيمًا ۚ إِنَّهُۥ
عَلِيمٌ قَدِيرٌ ﴿٥٠﴾ ﴾ الشورى: ٤٩ - ٥٠

अर्थ : सम्पूर्ण आकाश र पृथ्वीको सत्ता अल्लाहकै लागि हो । उसले जे चाहन्छ सृष्टि गर्दछ, जसलाई चाहन्छ, पुत्रीहरू प्रदान गर्दछ र जसलाई चाहन्छ, छोराहरू प्रदान गर्दछ, वा उनी दुबै छोरा र छोरी प्रदान गर्दछ र जसलाई चाहन्छ, नि:सन्तान गरिदिन्छ । निश्चय नै ऊ सर्वज्ञ ठूलो सामर्थ्यवान छ । ( सूरतुश्शूरा ४९,५० )

विवाहको प्रथा प्रत्येक समुदायमा वर्षौंदेखि प्रचलित छ । कतिपय समुदायका मानिसहरू त हजार महिलाहरू सित पनि विवाह गर्थे, तर इस्लामले विवाहलाई ४ महिलामा सीमित गरिदियो । यसको कारण यो हो कि वैवाहिक जीवनमा सुख शान्ति रहोस् र व्यभिचारको अविष्कार र बढोत्तरी नहोस् । यदि मान्छेले हजार हजार पत्नीसित विवाह गरेको छ भने सबैको वासना पूर्ति गर्नु असम्भव भइहाल्छ, यसर्थ

वासनाको आगो निमाउनको लागि पत्नी व्यभिचारतर्फ प्रवृत्त हुन्सक्छे । यसलेगर्दा इस्लामले यसलाई ४ मा सीमित गरेर समाजलाई समस्त व्यभिचार दुराचार एवं कुकर्मबाट सुरक्षा प्रदान गरेको छ ।
दोस्रो कुरो के छ भने विवाह सुख शान्ति पाउनको लागि गरिन्छ तसर्थ धेरै पन्ती भएको खण्डमा जीवन नर्क पनि हुन्सक्छ जस्तोकि हामीलाई थाहा नै छ कि महिलाहरूको षडयन्त्र र जालबाट आजसम्म कुनै मनुष्य पनि बाँचेको छैन स्वयम् रसूल सल्लल्लाहो अलैहे वसल्लम पनि महिलाहरूको षडयन्त्रका शिकार भएका थिए , त हामीहरूको त कुरै आर्को छ । कुरआनमा अल्लाहले मिस्रको सम्राटको वृतान्त वर्णन गर्दै भनेको छ :

﴿ فَلَمَّا رَءَا قَمِيصَهُۥ قُدَّ مِن دُبُرٍ قَالَ إِنَّهُۥ مِن كَيۡدِكُنَّۖ إِنَّ كَيۡدَكُنَّ عَظِيمٞ ٢٨ ﴾ يوسف: ٢٨

अर्थ : तसर्थ जब उसले (राजाले) देख्यो: कि कमिज पछाडिबाट च्यातिएको छ, तब उसले भन्यो: कि यो तिम्रै षडयन्त्र हो र सन्देह छैन तिमी आईमाईहरूको चालबाजी ठूलो हुन्छ । ( सूरतु यूसुफ २८ )

तात्पर्य यो कि ४ पत्नीमा सीमित गर्नुको कारण मध्ये यो पनि हो ।

र वैवाहिक जीवनलाई सुखद बनाउनको लागि पतिलाई यो आदेश गरिएको छ कि जुन त्यसलाई मनमोहक लागुन् र प्रियतम लागुन् त्यसै युवतीसित विवाह गरोस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَإِنْ خِفْتُمْ أَلَّا تُقْسِطُوا فِي الْيَتَامَىٰ فَانكِحُوا مَا طَابَ لَكُم مِّنَ النِّسَاءِ مَثْنَىٰ وَثُلَاثَ وَرُبَاعَ ۖ فَإِنْ خِفْتُمْ أَلَّا تَعْدِلُوا فَوَاحِدَةً أَوْ مَا مَلَكَتْ أَيْمَانُكُمْ ۚ ذَٰلِكَ أَدْنَىٰ أَلَّا تَعُولُوا ﴿٣﴾ ﴾ النساء: ٣

अर्थ : यदि तिमीलाई यस कुराको भय छ कि तिमीले अनाथ बालिकाहरूसित विवाह गरेर तिनीहरूसित न्याय गर्न सक्दैनौ भने, तिनी बाहेक तिमीले मन पराएको अन्य दुई, तीन वा चारसंग निकाह गरिहाल र यदि यस कुराको भय छ कि सबै स्वास्नीहरूसँग समान न्यायपूर्ण व्यवहार गर्न सक्दैनौ भने त एउटै स्वास्नी प्रयाप्त छ। अथवा तिम्रो स्वामित्वमा रहने दासी । यो सम्भव छ यसबाट तिमीहरू अन्याय गर्नबाट बाँच्न सक्दछौ । ( सूरतुन्निसा ३ )

तर आज वर्तमानमा सबै जतन गरे पश्चात पनि वैवाहिक जीवनबाट सुख शान्तिको शेष र लुप्त भए जस्तो लाग्छ, त त्यसै सुख शान्तिको स्थापना गर्ने उद्देश्य लिई म केही वैधानिक तथ्यहरू तपाईहरू समक्ष राख्ने प्रयासमा छु । आशा छ कि यसबाट सामान्यतया समस्त मानवगणलाई र विशेषगरी मुस्लिम समुदायलाई लाभ पुग्ने छ ।

यस युगमा टीवि, वीडियो, थेटर, र इन्टरनेटले यस्तो विगार उत्पन्न गरेको छ कि अधिकतम् वैवाहिक जीवन त्यो सुख शान्तिबाट कोसौं दूर भइसकेका छन् जसको चाहना र अपेक्षा विवाहबाट गरिन्छ ।

वास्तवमा विवाह यस्तो निर्मल र कोमल बन्धन हो जसबाट दुई अपर्चित हृदयको मिलन हुन्छ, र स्नेह प्रेमको कोपिला अविष्कृत हुन्छ, तर केही समयपछि झगडा र गाली गलोजको एवं सम्बन्ध विच्छेदको अवस्था आइपुग्छ, यसको कारण के हो ?

सर्वप्रथम हामी इस्लामीय निर्देशनलाई पिठ्युँ पछाडि फाली विवाह गर्छौं, अनि परिणाम त यस्तै आउनेछ, यसमा कुनै विचित्र कुरा छैन । इस्लामले निर्धारित गरेका प्रत्येक सीमाको हामी

अतिक्रमण गर्छौं अनि जीवन सुखद कसरी हुन्सक्छ ? इस्लाम भन्छ कि केटीलाई हेरेर विवाह गरौं । त हामी हेर्नको साथ साथै अलि अरु अगाडि बढी सीमा उल्लंघन गरिहाल्छौं । इस्लाम भन्छ कि जीवन साथी दीनदार धर्मात्मा रोज । त हामी सुन्दरता र धन पछि लागेर सुन्दरी र धनवानलाई रोज्दछौं । इस्लाम भन्छ मेहर (मुहर) कमभन्दा कम नियुक्त गर । त हामी लाखौं मेहरमा दिइहाल्छौं । इस्लाम भन्छ सबैभन्दा राम्रो विवाह त्यो हो जसको लागत कमभन्दा कम होस् । त हामी विवाहमा करोडौं नाश गर्छौं ।

इस्लामले पति पत्नीको ग्रहस्थीय जीवनको सीमा तोकेको छ सबैको हक अधिकार छुट्टयाएको छ, तर हामीलाई थाहै हुँदैन कि पति र पत्नीको एकआर्कामाथि हक अधिकार के हो, अनि एकआर्काको हक अधिकार हनन् गर्ने बाटोमा लाग्छौं । अनि तपाई नै भन्नुस् कि वैवाहिक जीवन कसरी सुखद रहन्सक्छ ?

# वैवाहिक जीवनलाई सुखद बनाउनको लागि केही वैधानिक उपायहरूको वर्णन

## महर (मेहर)

संसारका समस्त धर्मलाई हेर्दाखेरि हामीलाई यो थाहा हुन्छ कि इस्लामले महिलालाई त्यसको हक बमोजिम पूर्ण सम्मान दिएको छ, यसै क्रमको एउटा उदाहरण हो महर (मेहर) । इस्लामले विवाह गर्दाखेरि स्त्रीलाई महरदिन अनिवार्य गरिदिएको छ महिलालाई महर नदिइकन् विवाह नै सम्पन्न हुँदैन । र यो महर पतिद्वारा पत्नीलाई उपहारको रूपमा दिइन्छ जसमाथि पत्नी बाहेक कसैको हक अधिकार लाग्दैन । अल्लाहको फर्मान छ :

﴿ وَءَاتُواْ ٱلنِّسَآءَ صَدُقَٰتِهِنَّ نِحۡلَةٗۚ فَإِن طِبۡنَ لَكُمۡ عَن شَيۡءٖ مِّنۡهُ نَفۡسٗا فَكُلُوهُ هَنِيٓـٔٗا مَّرِيٓـٔٗا ٤ ﴾ النساء: ٤

अर्थ : र स्वास्नीहरूलाई तिनका महर राजी खुशीपूर्वक दिइहाल तर हो यदि तिनीहरू आफ्नै राजिखुशीले केही अंश छाडि दिन्छन् भने खुशीपूर्वक त्यसलाई खान-पिन गर । ( सूरतुन्निसा ४ )

पति त्यस महरको उपभोग गर्न सक्छ तर श्रीमतीले अनुमति दिए पश्चात मात्र, र त्यसलाई हपकाएर त्यसको उपभोग गर्नु सरासर गलत र हराम छ ।

र महरलाई रोज्ने अधिकार मात्र महिलाको हो अर्थात दुलही को, यदि त्यो केटी जसको विवाह हुन गइरहेको छ त्यस महरबाट राजी छैन अर्थात त्यसलाई महर कम लागिरहेको छ भने त्यसले भने अनुसार महर तिर्नु पर्छ अर्थात त्यसले कबूल नगरुन्जेल विवाह हुँदैन ।

तर आजको वर्तमान युगमा विवाह भन्दा अगावैं नै सबै तयतमाम गरिन्छ विवाहको दिन यसको आवश्यकता आउँदैन । तर यदि विवाहको दिन पनि केटीले इन्कार गरेको खण्डमा विवाह कदापि दुरुस्त हुँदैन ।

यस्तै हाम्रो समाजमा महर नदिइकन् मात्र मुखले महर भनेर विवाह गरिन्छ अनि केही समयको अन्तराललले त्यसको महर खाइदिने चलन छ जुन सरासर हराम छ । महर पतिद्वारा आफ्नो पत्नीलाई गरिएको उपहार हो, यसलाई सुहाग रातभन्दा अगावै दिनु नै उचित र वैधानिक हो । तर कुनै कारण त्यसमा विलम्ब पनि गर्न सकिन्छ, तर अगावैं दिनु नै सुन्नतको अनुकूल छ

। किनकि यसले पत्नीको साहस दोब्बर हुन्छ र स्नेह एवं प्रेमको बढोत्तरी हुन्छ । यसलेगर्दा विवाहको यो महत्वपूर्ण चरणलाई वैधानिक तरिकाले पूर्ण गरेमा सुखद जीवनको आरम्भमा महत्वपूर्ण भूमिका र योगदान देखिन्छ ।

# दाइजो (जहेज)

हाम्रो यस वर्तमान युगमा जसलाई दाइजो भनिन्छ त्यो सरासर अवैधानिक छ, यो दाइजो होइन बरु डकैती हो । यसै दाइजोको कारण कतिपय केटीहरूको वध गरिन्छ, त कतिपय आफै आत्महत्या गर्छिन् ।

दाइजोको वास्तविक अर्थ हो त्यो गृहस्थीय सरसामान एवं सामग्रीहरू जुन दुलहीको बाआमा त्यसलाई विवाहको शुभ अवसरमा दिन्छन् । र यस दाइजोमा पनि दुलही बाहेक कसैको हक अधिकार लाग्दैन । तर आजको आधुनिक युगमा दाइजोको परिभाषा नै परिवर्तित भएको छ । यस युगमा दाइजोको नाममा दुलहीको बुवा आमासित अचल सम्पत्तिको माँग गरिन्छ जुन अवैधानिक र अमानवीय एवं हराम छ । र यस्तो गर्नेवाला मान्छे अल्लाह र अल्लाहका रसूलको अवज्ञाकारी ठहर हुन्छ । दाइजोको अर्थ यो कदापि होइन कि तपाई माँग गर्नुस्, बरु समाजको रीति अनुसार जुन रीति वैधानिक होस् र आफ्नो क्षमता अनुसार दुलहीको बाआमा आफ्नो छोरीलाई जुन खुशी र प्रसन्नतापूर्वक दिन्छन् त्यही नै वास्तवमा दाइजो हो । यसको उद्देश्य मात्र यो हो कि दुलहा दुलही दुवैको

जीवनको आरम्भ सुखमय होस्, र यसबाट दुलहाको हृदयमा प्रेमको संचकार होस् ।
आज दाइजोको परिभाषा किन उल्टो भएछ यसका कतिपय कारणहरू छन् । र यसको प्रमुख कारण हो इस्लामको निर्देशनहरूबाट मुख फर्काउनु । इस्लामले पैतृक धनमा केटीको पनि हक सुनिश्चित गरेको छ अल्लाहको फर्मान छः

﴿ لِّلرِّجَالِ نَصِيبٌ مِّمَّا تَرَكَ ٱلْوَٰلِدَانِ وَٱلْأَقْرَبُونَ وَلِلنِّسَآءِ
نَصِيبٌ مِّمَّا تَرَكَ ٱلْوَٰلِدَانِ وَٱلْأَقْرَبُونَ مِمَّا قَلَّ مِنْهُ أَوْ كَثُرَ
نَصِيبًا مَّفْرُوضًا ﴿٧﴾ وَإِذَا حَضَرَ ٱلْقِسْمَةَ أُو۟لُوا۟ ٱلْقُرْبَىٰ
وَٱلْيَتَٰمَىٰ وَٱلْمَسَٰكِينُ فَٱرْزُقُوهُم مِّنْهُ وَقُولُوا۟ لَهُمْ قَوْلًا
مَّعْرُوفًا ﴿٨﴾ وَلْيَخْشَ ٱلَّذِينَ لَوْ تَرَكُوا۟ مِنْ خَلْفِهِمْ ذُرِّيَّةً
ضِعَٰفًا خَافُوا۟ عَلَيْهِمْ فَلْيَتَّقُوا۟ ٱللَّهَ وَلْيَقُولُوا۟ قَوْلًا سَدِيدًا
﴿٩﴾ إِنَّ ٱلَّذِينَ يَأْكُلُونَ أَمْوَٰلَ ٱلْيَتَٰمَىٰ ظُلْمًا إِنَّمَا
يَأْكُلُونَ فِى بُطُونِهِمْ نَارًا ۖ وَسَيَصْلَوْنَ سَعِيرًا ﴿١٠﴾
يُوصِيكُمُ ٱللَّهُ فِىٓ أَوْلَٰدِكُمْ ۖ لِلذَّكَرِ مِثْلُ حَظِّ ٱلْأُنثَيَيْنِ ۚ
فَإِن كُنَّ نِسَآءً فَوْقَ ٱثْنَتَيْنِ فَلَهُنَّ ثُلُثَا مَا تَرَكَ ۖ وَإِن كَانَتْ

وَٰحِدَةٗ فَلَهَا ٱلنِّصۡفُۚ وَلِأَبَوَيۡهِ لِكُلِّ وَٰحِدٖ مِّنۡهُمَا
ٱلسُّدُسُ مِمَّا تَرَكَ إِن كَانَ لَهُۥ وَلَدٞۚ فَإِن لَّمۡ يَكُن لَّهُۥ وَلَدٞ
وَوَرِثَهُۥٓ أَبَوَاهُ فَلِأُمِّهِ ٱلثُّلُثُۚ فَإِن كَانَ لَهُۥٓ إِخۡوَةٞ فَلِأُمِّهِ
ٱلسُّدُسُۚ مِنۢ بَعۡدِ وَصِيَّةٖ يُوصِي بِهَآ أَوۡ دَيۡنٍۗ ءَابَآؤُكُمۡ
وَأَبۡنَآؤُكُمۡ لَا تَدۡرُونَ أَيُّهُمۡ أَقۡرَبُ لَكُمۡ نَفۡعٗاۚ فَرِيضَةٗ مِّنَ
ٱللَّهِۗ إِنَّ ٱللَّهَ كَانَ عَلِيمًا حَكِيمٗا ﴿١١﴾ النساء: ٧ - ١١

अर्थ : जुन सम्पत्ति आमा बाबु र नातागोताले छाडी मर्दछन्, थोरै होस् अथवा धेरै, त्यसमा लोग्ने मानिसको अंश छ र आईमाईहरूको पनि । (यी अंशहरू) निर्धारित गरिएका हुन् । र जब भाग-बण्डाको समय नातेदार र अनाथ र निमुखाहरू उपस्थित भइहालुन् त त्यसबाट उनीहरूलाई पनि केही दिहाल र उनीहरूसित मिठो कुरा गर । र तिनीहरूलाई यस कुराबाट डराउनु पर्छ कि यदि आफ्नो पछाडि हानि पुग्न सक्ने अबोध केटाकेटीहरू छोडेर गएको भए ( तिनीहरूको चाहना के हुने थियो) । त, आवश्यक छ कि यी मानिसहरू अल्लाहसँग डराएर संतुलित कुराहरू गरुन् । जुन मानिसहरू अनाथहरूको सम्पति नाजायज तरिकाले खान्छन्,

तिनीहरू आफ्ना पेटमा आगो भर्दैछन् र निकट भविष्यमा नर्कमा जाने छन् । अल्लाहले तिम्रा सन्तानहरूको सम्बन्धमा तिमीलाई आदेश गर्दछ कि एउटा छोराको अंश दुईटा छोरीहरूको अंशको बराबर छ र यदि मृत्तकका छोरीहरू मात्र छिन् र दुई भन्दा बढी छिन् भने तिनलाई मृतकको सम्पत्तिबाट दुई तिहाई र यदि एउटी छोरी मात्र छिन् भने उसलाई आधा, र मृतकका आमा बाबु प्रत्येकलाई मृतकले छोडेको सम्पत्तिको छैठौं भाग अंश हो, मृतकका सन्तानहरू भएको खण्डमा । यदि मृतकको सन्तान नभए र मात्र आमा बाबु नै उसको हक़वाला भएको अवस्थामा, एक तिहाई आमाको अंश र यदि मृत्तकका दाजुभाइ पनि छन् भने आमाको छैठौं अंश हो, मृतकको सम्पत्तिको यो अंशवण्डा मृतकले गरेको इच्छापत्रको कार्यान्वयन पछि मात्र वा मृतकले लिएको ऋणको भुक्तानी गरेपछि मात्र गर्नु पर्छ । तिमीलाई थाहा छैन कि तिम्रा बाबु वा छोरा मध्ये तिमीलाई फाइदाको दृष्टिकोणले कुनचाहिँ धेरै नजिक छ । यी अंशभाग अल्लाहबाट निर्धारित गरिएका हुन् र नि:संदेह अल्लाह सर्वज्ञ र कौशलवाला हो । ( सूरतुन्निसा ७-११ )

तर हामीहरूले विशेषरूपले केटीलाई त्यसको हक दिदैनौं । त जब हामीले अल्लाहको आदेशबाट मुख फर्कायौं त अल्लाहले हामीमाथि दाइजो जस्तो श्राप र कष्टद्वारा उत्पीडित गरिदियो । तसर्थ यो हाम्रो आफ्नै हातको कमाइ हो जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَصَٰبَكُم مِّن مُّصِيبَةٖ فَبِمَا كَسَبَتۡ أَيۡدِيكُمۡ وَيَعۡفُواْ عَن كَثِيرٖ ٣٠ ﴾ الشورى: ٣٠

अर्थ : र जुन मुसिबत र कष्ट तिमीलाई पुग्दछ, त्यो तिम्रो आफ्नै हातको कमाइ नै हो र उसले धेरै (पापहरू) माफ गरिदिन्छ । ( सूरतुश्शुरा ३० )

यदि हामी आज पनि इस्लामी निर्देशनतर्फ फर्केर आऔं त हाम्रो यो दाइजोको श्राप आज पनि पूर्णतः समाप्त हुनेछ यो मेरो दावी छ । र फेरि यसबाट त्यही स्नेह र प्रेमको कोपिला अविष्कृत हुन्सक्छ जसको अपेक्षा गरिन्छ । तर तपाई यसलाई एक पटक कार्यन्वयन त गर्नुस् ।

## विवाहको शुभ अवसरमा गानाको अनुमति

यस्तो गीत जसमा कुनै प्रकारको शिर्क बिदअत र निर्लज्जतातर्फ आह्वान नहोस्, र जसद्वारा मात्र खुशी र प्रसन्नतालाई प्रकट गर्ने उद्देश्य होस् भने यस्तो गीत विवाहको शुभ अवसरमा जायज छ। जस्तोकि हदीसबाट यो कुरा सिद्ध छ हदीसमा छ :

अर्थ : आमिर बिन सअद भन्छन् कि म कर्जह बिन कअ्ब कहाँ विवाहको शुभ अवसरमा गएँ, त के हेर्छु कि त्यहाँ अबू मसऊद अन्सारी रजिअल्लाहो अन्हो पनि उपस्थित थिए, र केटीहरू गीत गाइराखेका थिइन्, त मैले भनें: कि तिमी दुवैजना रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू मध्येका हौ र तिमीहरूको उपस्थितिमा पनि यस्तो गीतको आयोजना गरिएको छ (तिमीहरू किन केही भन्दैनौ?) त दुवैले भनें: कि यदि तिमीलाई यो गीत सुन्ने इच्छा छ भने सुन नत्र फर्केर जाऊ किनकि यस्तो शुभ अवसरमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले गीतको अनुमति प्रदान गरेका छन्। ( हाकिम र नेसाईले यसलाई वर्णन गरेका छन् र यसलाई सही पनि भनेका छन्, र हाकिमले यहाँसम्म भनेका छन् कि यो हदीस बुखारी

मुस्लिमको शर्त बमोजिम सही छ तर उनीले यसलाई वर्णन गरेका छैनन् )
तर यसको साथ यो बन्देज पनि छ कि गीत गाउने केटीहरू सानी हुन् र कुनै प्रकारको उपद्रव र निर्लज्जताको खतरा नहोस् ।
यस्तै यदि गीतको साथ नाच (डान्स) र बाजा अर्थात मियुजिक पनि होस् भने यो हराम छ ।
र यस्तै कुनै प्रकारको अवैधानिक कार्य नगरियोस्, किनकि यस गीतको अनुमति मात्र यसकारण छ कि दुलहा दुलहीको जीवनको आरम्भ खुशी समृद्धि, स्नेह प्रेमबाट आरम्भ होस् ।

# कस्तो जीवनसाथी सुखद जीवनको सहायक सिद्ध हुन्छ

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " महिलासित चार विशेषताको आधारमा विवाह गरिन्छ :
१- त्यसको धनसम्पत्तिको आधारमा ।
२- त्यसको वंशको आधारमा ।
३- त्यसको सुन्दरताको आधारमा ।
४- त्यसको दीनदारी (धर्म परायणता) को आधारमा । अनि उहाँले भन्नु भयो तिमीहरू दीनदारीलाई प्रधानता दिई दीनदार महिलालाई रोज " । ( बुखारी, मुस्लिम, अबूदाऊद )
र आर्को हदीसमा छ : "यदि कोही यस्तो मान्छे विवाहको निवेदन (आमन्त्रण) लिएर आओस् जसको दीनदारीबाट तिमी संतुष्ट छौ भने त्यसको विहे गराइहाल, नत्र यस संसारमा ठूलो उपद्रवको विस्तार भइहाल्छ" । ( तब्रानी, हाकिम, दारकुत्नी )
भनाईको तात्पर्य यो कि जीवनसाथी रोज्दा दीनदार र ईमानदार साथी रोज्नुपर्छ, कुनै लालसी, अधर्मी र कुकर्मीलाई रोजेमा जीवन कसरी सुखमय हुन्सक्छ । यसैकारण रसूल

सल्लल्लाहो अलैहे वसल्लमले दीनदार जीवनसाथीलाई रोज्ने परामर्श दिनु भएको छ। र यसो गरेमा नै हाम्रो वैवाहिक जीवन सुखद हुन्सक्छ।

## उपहारको आदानप्रदान

पतिलाई चाहियो कि आफ्नो प्रियतम स्वास्नीलाई केही उपहार दिदै रहोस् । र यो आवश्यक छैन कि त्यो उपहार महंगो होस् बहुमूल्य होस् बरु सानो तिनो वस्तुहरू पनि दिएर पत्नीको मनमा प्रेमको भावना जागृत भइहाल्छ ।

र पत्नीलाई पनि चाहियो कि श्रीमानले ल्याएको उपहारको प्रशंसा गरोस् चाहे त्यो उपहार सानो किन नहोस्, यसरी श्रीमानको हृदय हर्षित हुन्छ, र त्यो अधिक भन्दा अधिक उपहार दिने प्रयास गर्छ । यस्तै पत्नीलाई पनि चाहियो कि भिन्न भिन्न र स्वादिष्ट भोजनहरूको उपहार आफ्नो श्रीमानलाई अर्पण गरोस् यस्तो गरेमा श्रीमान अति प्रसन्न हुन्छ र पत्नीको प्रशंसा गर्छ । र श्रीमानलाई पनि चाहियो कि पत्नीले परिश्रम गरेर तयार पारेको भोजनको प्रशंसा गरोस् यद्यपि त्यो खाना प्रशंसा योग्य नहोस्, यसलेगर्दा श्रीमतीको साहस अझैं बढछ र त्यो राम्रो भन्दा राम्रो भोजन तयार पार्ने प्रयासमा रहन्छे ।

## श्रीमतीलाई बाहिर घुमाउनु

श्रीमानको कर्तव्य मध्ये यो पनि हो कि कहिले काहिँ आफ्नो श्रीमतीलाई बाहिर घुमाउन लैजाओस् जसलाई हामी हनीमून र पिकनिक भन्छम्, यसले प्रेममा अभिवृद्धि हुन्छ र श्रीमतीको कौतुहलताको अन्त पनि भइहाल्छ । तर श्रीमतीलाई पनि चाहियो कि श्रीमानले गरेको घुमाउने कार्यको प्रशंसा गरोस् त्यसको सराहना गरोस्, र त्यससित यस्तो ठाउँको भ्रमणको माँग नगरोस् जहाँ जाने क्षमता श्रीमानको नहोस् । यसर्थ जहाँ जाने अवसर मिलोस् त्यसैमा प्रसन्नता प्रकट गरोस् । यदि यस्तो भयो भने जीवन सुख शान्तिमा व्यतीत हुन्छ र संसारिक जीवनमा पनि स्वर्गीय जीवनको झलक देखिन्छ । र परम् शान्ति र आनन्दको आभास हुन्छ ।

# एक आर्काको हकहुकूकको सम्मान गर्नु र त्यसलाई कार्यन्वयनमा ल्याउनु

* एकआर्काबाट सन्तुष्टि प्राप्त गर्नु र यो दुवैको मौलिक अधिकार हो सहवास गर्दाखेरि आफू संतुष्ट भएपश्चात मान्छे त्यो बेलासम्म सहवासको कार्यलाई निरन्तरता देओस् जबसम्म त्यसको साथी सन्तुष्ट नभइजाओस् ।
यस्तो गरेमा दुवै वीच प्रेमको अभिवृद्धि हुन्छ र कुनै प्रकारको झगडा उत्पन्न हुँदैन किनकि वास्नाको भोक पेटको भोकभन्दा अधिक घातक हुन्छ । साथीले सन्तुष्टि नपाएमा आफ्नो सन्तुष्टिको लागि कुनै आर्को विकल्प अपनाउन सक्छ जुन इस्लामीय विधानानुसार हराम छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः
अर्थ : जब कुनै व्यक्ति आफ्नो स्वास्नीसित सहवास गरोस् त त्यति बेलासम्म त्यसबाट अलग नहोस् जबसम्म कि स्वास्नीले आफ्नो पूर्ण सन्तुष्टि प्राप्त नगरोस् । ( मुस्नद अबू यअ्ला, अल्कामिल लेइब्ने अदी, र यो हदीस जईफ छ तर यसैजस्तो अरु हदीसले यसलाई सशक्त बनाइदिन्छन् )

* दुलआ र दुलीको आयु लगभग समान हुनु जसरी २१ २२, २१ २३ आदि। अर्थात मात्र एक दुई वर्षको अन्तराल हुनु यसले पनि दुवै वीच प्रेमभाव कायम रहन्छ। तर यदि एकको उमेर २२ वर्ष होस् र आर्कोको उमेर ४० वा ३५ वर्ष त दुवैलाई त्यो सन्तुष्टि प्राप्त हुँदैन जसको इच्छा हुन्छ र खासगरी कुवारी पत्नीलाई ४० वा ५० वर्षका अधिकांश पतिहरू पूर्ण सन्तुष्ट गर्न सक्दैनन् त यसकारण पनि घरमा विगार उत्पन्न हुने सम्भावना छ।

* यस संसारमा पूर्ण त कोही पनि छैन पूर्ण त मात्र अल्लाह नै छ। सबै मनुष्यमा केही नकेही कमी कम्जोरी हुन्छ यसलेगर्दा आफ्नो साथीको कमी कम्जोरीलाई अदृश्य गरी त्यसको विशेषताहरूमा ध्यान केन्द्रित गर्नुपर्छ। विशेष गरी लोग्ने मान्छेलाई आफ्नो जीवन साथीको कमी कोताहीलाई नजर अन्दाज गर्नुपर्छ। किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : महिला बाङ्गो हड्डीबाट अविष्कृत गरिएकी छिन् तसर्थ त्यससित त्यस्तै लाभ प्राप्त गर यदि तिमीले त्यसलाई एकदम सोझो गर्न प्रयास गर्छौ भने त्यसलाई भाँचिहाल्छौ। (बुखारी, मुस्लिम )

यसलेगर्दा श्रीमतीसित राम्रो व्यवहार गर्नु नै आफ्नो सुखद जीवनको जमानत हो यसो गरेमा जीवन स्वर्ग झैं हुनेछ ।

र आर्को हदीसमा छ :

अर्थ : सबैभन्दा श्रेष्ठ ईमानवाला मान्छे त्यो व्यक्ति हो जुन सबैभन्दा अधिक नैतिकवान होस्, र जसको व्यवहार आफ्नो स्वास्नीसित राम्रो होस् । ( तिर्मिजी )

र अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا يَحِلُّ لَكُمۡ أَن تَرِثُواْ ٱلنِّسَآءَ كَرۡهٗاۖ وَلَا تَعۡضُلُوهُنَّ لِتَذۡهَبُواْ بِبَعۡضِ مَآ ءَاتَيۡتُمُوهُنَّ إِلَّآ أَن يَأۡتِينَ بِفَٰحِشَةٖ مُّبَيِّنَةٖۚ وَعَاشِرُوهُنَّ بِٱلۡمَعۡرُوفِۚ فَإِن كَرِهۡتُمُوهُنَّ فَعَسَىٰٓ أَن تَكۡرَهُواْ شَيۡـٔٗا وَيَجۡعَلَ ٱللَّهُ فِيهِ خَيۡرٗا كَثِيرٗا ١٩ ﴾ النساء: ١٩

अर्थ : ईमानवालाहरू हो ! तिमीहरूलाई यो उचित छैन कि जबरजस्ती स्वास्नी मानिसहरूको सम्पत्तिबाट लेऊ । जे तिमीले तिनलाई दिएका छौ, त्यसबाट केही खाने नियतले तिनलाई नरोकी राख्नु । हो यदि तिनले दुष्कर्म गर्दछिन् त कुरा अर्कै छ । तिनीहरूसित राम्रो व्यवहार गर यदि तिनीहरूलाई तिमीले मन नपराए पनि तर धेरै सम्भव छ कि तिमीले नराम्रो मानेको कुनै

कुरामा अल्लाहले धेरै भलाईको सृजना गरिदिओस् । ( सूरतुन्निसा १९ )

* यस्तै लोग्ने मान्छे आफ्नो स्वास्नीलाई कुकर्मी महिलाहरूको संगत अख्तियार गर्नुबाट रोकोस् । किनकि ती महिलाहरूको संगत अख्तियार गरेको खण्डमा त्यसको आचरण पनि बर्बाद हुने सम्भावना छ र त्यो पनि कलब डान्सपार्टी आदिमा जाने कुरामा जोर दिन सक्छे, र त्यहाँ गए पश्चात त तपाईलाई थाहै होला कि के के हुन्छ । अनि तपाईको घरमा शान्ति कहाँ आउँछ बरु भयंकर प्रकोप अवतरित हुन्छ जुन दुवैलाई बर्बाद पारिदिन्छ ।

* लोग्ने मान्छेलाई चाहियो कि रात्री घरमै व्यतीत गरोस्, र बेर राती घर नआओस्, बरु आफ्नो दैनिक कार्य समाप्त गरी तुरुन्तै घर फर्कोस् । किनकि विलम्ब गरेमा पत्नीको हृदयमा विभिन्न प्रकारका शंका उपशंका उत्पन्न हुन्छन् । र एक पटक शंकाको सृजना भयो भने जीवन नर्क भइहाल्छ । यसलेगर्दा विशेष गरी यसकुरामा ध्यान दिनु जरुरी छ, र आफ्नो जीवन साथीलाई शैतानको कौतुहलताबाट जोगाउनु तपाईको परम् कर्तव्य हो । र हदीसमा वर्णन छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि

“तिमीमाथि तिम्रो जीवन साथीको पनि हक छ” ।
(बुखारी)
तसर्थ अल्लाहबाट डर्नुस् र त्यसको हक पूर्ण गर्नुस् ।
* श्रीमतीको विना अनुमति कतैको पनि भ्रमण नगर्नुस् बरु त्यससित परामर्श गरेर मात्र भ्रमण गर्नुस् । र यदि क्षमता छ भने त्यसलाई पनि आफ्नो भ्रमणमा आफ्नो साथी बनाउनुस् किनकि यो धेरै उत्तम कुरो हो । यदि क्षमता छैन भने त्यसलाई राजी गरेर मात्र आफ्नो भ्रमणको आरम्भ गर्नुस् ।
* सके सम्म स्वास्नीको इच्छा पूर्ति गर्नुस् र त्यसलाई आफूसंग खेलमा सहभागि बनाउनुस् र त्यसको अकान्छाको सम्मान गर्नुस्, र आफ्नो घरमा त्यसको खेलको व्यवस्था गर्नुस् । र यस्तै यदि त्यसलाई कुनै खेलको अधिक चासो छ भने त्यसलाई त्यो खेल हेर्ने अवसर प्रदान गर्नुस् । यसले दुवै बीच प्रेमको धारा बगिहाल्छ र जीवन सुखमय भइहाल्छ । हदीसमा वर्णन छ :
अर्थ : हजरत आइशा रजिअल्लाहो अन्हाको भनाई छ कि मैले आफ्नो कोठाको दइलोमा रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई हेरें यस अवस्थामा कि मस्जिदमा हब्शीहरू खेल

खेलिरहेका थिए, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मलाई आफ्नो च्यादरमा लुकाएर उनीहरूको खेल देखाए । ( बुखारी, मुस्लिम )

यस्तै आर्को हदीसमा वर्णन छ :

अर्थ : हजरत आइशाको वर्णन छ कि म एउटा यात्रामा थिएँ अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सहाबाहरूलाई अघि बढने आदेश गरे, जब उनीहरू अघि बढिसके त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मसित भने आऊ हामी दुवै दौड गर्नुमा प्रतिस्पर्धा गरौं र हेरौं को अगाडि जान्छ अनि दुवैले दौड लगाएँ त म रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट अगाडि भएँ ... । ( अहमद, अबू दाऊद )

* श्रीमतीलाई चाहियो कि आफ्नो श्रीमानको आज्ञाको पालना गरोस्, किनकि त्यसको स्वर्ग र नर्क त्यसको श्रीमानको व्यक्तित्वमा नै नीहित छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ " यदि स्वास्नी पाँच बखतको नमाज पढोस्, र रमजानको व्रत बसोस्, र आफ्नो गुप्ताङ्गको रक्षा गरोस्, र आफ्नो श्रीमानको आज्ञापालन गरोस् भने त्यो प्रलयको दिन स्वर्गको जुन ढोकाले चाहोस् प्रवेश गर्न सक्छे " । ( इब्ने हिब्बान, र

यस हदीसलाई अल्लामा अल्बानीले सही भन्नु भएको छ )
र आर्को हदीसमा वर्णन छ : " जुनसुकै महिलाको मृत्यु यस्तो अवस्थामा भएको होस् कि त्यसको श्रीमान त्यससित राजी र सन्तुष्ट थियो भने त्यो स्वर्गमा अवश्य प्रवेश पाउने छे " । तिर्मिजी )
र आर्को हदीसमा वर्णन छ कि " यदि मैले कसैलाई कसैको ढोग गर्ने आदेश गर्थें भने म श्रीमतीलाई त्यसको श्रीमानलाई ढोग्ने आदेश गर्थें " । ( तिर्मिजी )
यसलेगर्दा महिलाहरूलाई चाहियो कि आफ्नो श्रीमानको अवज्ञा नगरुन् यसो गर्नाले जीवन सुखद भइहाल्छ ।
* यस्तै श्रीमतीलाई चाहियो कि श्रीमान दैनिक कार्यको लागि गएको बेला आफ्नो बनाव श्रृंगार गरेर त्यसको प्रतिक्षा गरुन् । र श्रीमान फर्केर आएको बेला हाँसेर मुस्काएर त्यसको स्वागत गरुन् यसलेगर्दा श्रीमानको दिनभरीको थकाइ एक क्षणमा हराइहाल्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :
अर्थ : सर्वोत्कृष्ट महिला त्यो हो जसलाई हेरेर त्यसको श्रीमान प्रसन्न भइहालोस्, र जब

त्यसलाई आदेश गरोस् त त्यो त्यसको पालना गरोस्, र जब त्यसको श्रीमान यात्रामा होस् त घरमा त्यो आफ्नो गुप्ताङ्ग र श्रीमानको धनको सुरक्षा गरोस् । ( बुखारी, मुस्लिम )
यसलेगर्दा महिलाहरूलाई चाहियो कि श्रीमान घर फर्केर आउने समय श्रृंगार गरेर स्वागत गरोस्, र त्यसको आउने समय घरबाट गायब नरहोस् । यदि स्वास्नी सदैंव गायब रहोस् भने शंकाले घरलाई बर्बाद गरिदिन्छ ।
तपाईहरू समक्ष म एउटा सहाबीयाको वृतान्त वर्णन गर्दछु जुन हाम्रा दिदीबहिनीहरूको लागि आर्दश थिइन्, र कदाचित तपाईहरू यस वृतान्तबाट उपदेश ग्रहण गर : “ उम्मे सुलैम रजिअल्लाहो अन्हाको श्रीमान अबू तलहा कतै यात्रामा जानु भएको थियो, अनि उहाँको विरामी छोराको निधन भयो, तर जब अबू तलहा रजिअल्लाहो अन्हो यात्राबाट फर्केर घर आए त उम्मे सुलैमले श्रृंगार गरेर उहाँको स्वागत गर्नु भयो र उहाँको आदर सत्कार गर्नु भयो अनि सहवास पश्चात मात्र उहाँलाई छोराको मृत्युको बारेमा बताउनु भयो, ताकि उहाँलाई पूर्ण सन्तुष्टि अगावैं दुख नहोस्” । ( पूर्ण कथा सहीह

मुस्लिममा वर्णन छ हदीस नं. २१४४, अध्याय अबू तलहाको श्रेष्ठता )

त के आज यस युगमा पनि उम्मे सुलैम रजिअल्लाहो अन्हा जस्ती स्वास्नीहरू भेटिन्छिन् । आज त लोग्ने घर फर्के वित्तिकै आफ्नो दुखको पोटली खोलेर बस्छिन् र यस्तो लाग्छ कि संसारको सबै दु:ख उनीमाथि नै आई परेको छ, अनि आफ्नो घर आफै बर्बाद गर्छिन् ।

* दुवै मध्ये कोही पनि विरामी भएमा त्यसको सेवा सत्कार गर्नु, त्यसको हेरचाह गर्नु र पूर्ण निष्ठाले त्यसलाई सहायता गर्नु संवेदना व्यक्त गर्नु त्यसको लागि चिन्तित हुनु ।

तर यो कदापि नभन्नु कि तिमीले विरामी हुने आडम्बर गरेका हौ, तिमीलाई केही भएको छैन । तिमीले मलाई हैरान पार्नुको लागि यस्तो गरेका हौ.... आदि ।

यदि यस्तो भयो भने यस्तो कुराले दुवैको दूरीलाई बढाउँछ, र दुवै बीच अप्रियता र अविश्वासको खाल्टोलाई उत्पात गर्छ । तर पूर्ण निष्ठा एवं जीउ ज्यानले सेवा गरेमा अथाह प्रेमको उत्पात हुन्छ ।

* यस्तै अकारण आफ्नो स्वास्नीलाई हप्काउनु तिरस्कृत गर्नु कुटपिट गर्नुबाट पनि जीवन

कष्टमय भइहाल्छ बरु दुवैलाई चाहियो कि एकआर्काको त्रुटि र गल्तीलाई नजर अन्दाज गरुन्, र विशेषगरी श्रीमान श्रीमतीलाई नहप्काओस् नडराओस् कुटपिट नगरोस् । तर ठूलो गल्ती भएमा एक आध चमाट मार्न पनि सक्छ तर याद रहोस् कि शत्रु जस्तो कुटपिट नगरोस् नत त्यसको अनुहारमा हानोस् बरु डराउनको लागि न्यूनतम् पिटाई लगाओस् ।
अल्लाहको फर्मान छ :

﴿ وَعَاشِرُوهُنَّ بِٱلۡمَعۡرُوفِ ﴾ النساء: ١٩

अर्थ : तिनीहरूसित राम्रो व्यवहार गर...। ( सूरतुन्निसा १९ )
र हदीसमा छ " जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनुहारमा हान्नुबाट मनाही गरेका छन् "। ( मुस्लिम )
र आर्को हदीसमा वर्णन छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : " त्यसलाई खाना खुवाऊ जब तिमी खाऊ, र त्यसलाई त्यस्तै लुगा लगाउन देऊ जुन प्रकार तिमी लगाउँछौ, र त्यसको अनुहारमा नहान "। ( अबू दाऊद )
यस्तै अरु धेरै कुराहरू छन् जसलाई विस्तारमा वर्णन गर्न सकिन्न तर केहीलाई संक्षेपमा वर्णन

गर्दछु जसलाई अपनाई सुखद जीवन व्यतीत गर्न सकिन्छ !

- ☐ एकआर्काको खुशी र उदासीमा सहभागी हुनु, जसरी दुवै मध्ये कसैको आफन्तीको मृत्यु भएमा त्यसको उदासीमा सहभागी हुनु । र कुनै खुशीको अवसरमा प्रसन्नता प्रकट गर्नु ।
- ☐ एकआर्काको त्रुटि गल्तीलाइ क्षमा गरिदिनु, चाहे त्यो गल्ती बुझ्रेर गरिएको होस् वा अनभिज्ञतामा भएको होस् ।
- ☐ एकआर्कालाई सुकर्मको आदेश गर्दै रहनु र कुकर्मबाट बाँच्ने परामर्श दिदै रहनु ।
- ☐ दुवै मध्ये कसैको आफन्तीलाई गाली नगर्नु नत कुनै गलत उपाधिले नै स्मरण गर्नु ।
- ☐ एकआर्काको आदर सम्मान गर्नु ।
- ☐ अआफ्ना कर्तव्यको पूर्णतः पालना गर्नु ।
- ☐ एकआर्काको आफन्तीहरूलाई आदर सम्मान गर्नु र आदर सत्कार गर्नु ।
- ☐ एकआर्कामाथि शंका उपशंका नगर्नु ।
- ☐ निर्लज्जतातिर प्रवृत्त गर्ने पत्रपत्रिका घरमा न ल्याउनु ।
- ☐ दुवैले आपसमा हाँसो र मजाक गर्दै रहनु ।

- आफ्नो श्रीमतीमाथि खर्च गर्नुमा कञ्जूसी नगर्नु, बरु सकेसम्म त्यसको प्रत्येक इच्छाको पूर्ति गर्नु ।
- एकआर्कालाई अरुको सामुन्ने गाली नगर्नु, कुटपिट नगर्नु, त्यसको आत्मसम्मानलाई घाइते नगर्नु ।
- दुवैले एकआर्काको रहस्यको रक्षा गर्नु, त्यसलाई कसैमाथि जाहेर नगर्नु चाहे त्यो साख्खै सम्बन्धि किन नहोस् ।
- कनै विपत्ति आएमा एकआर्कासित परामर्श गर्नु ।
- कसै आर्कोसित शारीरिक सम्बन्ध कायम नगर्नु, बरु आफ्नो श्रीमान वा श्रीमतीसित संतुष्टि प्राप्त गर्नु ।
- दुवैले एकआर्काको कुरोलाई ध्यानपूर्वक सुन्नु, र त्यसमा आफ्नो कुरा पनि राख्ने प्रयत्न गर्नु ।
- प्रेम भावले एकआर्कालाई चुम्नु स्पर्श गर्नु ।
- एकआर्काको कुरोको उपहास नगर्नु ।
- श्रीमानले घृणा गर्ने मान्छेसित कुनै सरोकार नराख्नु ।

- श्रीमतीले नचाहेको महिलासित कुनै सम्बन्ध नराख्नु नत कुराकानी नै गर्नु ।
- श्रीमतीलाई तलाक दिने धम्की दिई मानसिक उत्पीडनमा व्याकुल नगराउनु ।
- ससाना कुराहरूमा क्रोधित नहुनु ।
- आफ्नो स्वास्नीको सामुन्ने कुनै आर्को महिलाको प्रशंसा नगर्नु ।
- श्रीमानले आफ्नो स्वास्नीको पूर्णतः सुरक्षा गरोस् । र त्यसलाई राम्रो खाना खुवाओस् र राम्रो वस्त्र लगाउन देओस् । हदीसमा वर्णन छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : " त्यसलाई खाना खुवाऊ जब तिमी खाऊ, र त्यसलाई त्यस्तै लुगा लगाउन देऊ जुन प्रकार तिमी लगाउँछौ, र त्यसको अनुहारमा नहान " । ( अबू दाऊद )
- श्रीमतीको मासिक धर्म (रजस्वला) को अवस्थामा र सुत्केरीको अवस्थामा त्यससित सम्भोग नगर्नु ।
- बिना लोग्नेको अनुमति श्रीमिती गर्भ निरोधक औसधिहरूको प्रयोग नगरोस् । र बिना कुनै कारण श्रीमान त्यसको आज्ञा पनि नदेओस् किनकि यो इस्लामीय दृष्टिले हराम

कार्य हो । तर यदि यसको कुनै प्रकारले आवश्यकता छ भने दुवैले परामर्श गरे पश्चात जुन कुरामा सहमत भइहालुन त्यसैलाई सर्वसहमतिले कार्यन्वयनमा ल्याउन्

- दुवैले एकआर्काको हृदयमा स्थान बनाउने प्रयत्न गरुन् ।

र यस जस्ता अरु थुप्रै कुराहरू र उपायहरू छन् जसद्वारा श्रीमान र श्रीमती आफ्नो जीवनलाई सुखद बनाउन सक्छन् । र तलाक ( सम्बन्ध विच्छेद) र खुला (महिलाले सम्बन्ध विच्छेद गराउने कार्य) को अवस्था आउँदैन ।

यसर्थ हे हाम्रा दाजुभाइ र दिदीबहिनीहरू ! मैले यस सानो पुस्तिकामा लेखेको कुराहरूमाथि मनले विचार अवश्य गर्नुहोला, र यदि यो सत्य र वास्तविक कुरो हो भने यसलाई अपनाएर आफ्नो जीवनलाई सुखद र आनन्दमय बनाउनु होला ।

मेरो अल्लाहसित विन्ती छ कि अल्लाह हामीहरूको वैवाहिक जीवनलाई सुखद बनाउन्, र हामीलाई सामाजिक रीतिबाट मुक्त गरी इस्लामीय निर्देशन अनुसार जीवन व्यतीत गर्ने सौभाग्य प्रदान गरुन् । र हामीहरूलाई वैवाहिक जीवनको समस्याहरूको समाधान गर्ने शक्ति

प्रदान गरुन्, र आफ्नो कृपाले श्रीमान र श्रीमती दुवैलाई स्वर्ग प्रदान गरुन् ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9814499140-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com